# ललितपुर उप-महानगरपालिका कार्यालय

खरिद इकाई, पुल्चोक, ललितपुर

## होर्डिबोर्डको विज्ञापन कर संकलन सम्बन्धी बोलपत्र आव्हान

प्रथम पटक प्रकाशित मिति २०७०/०८/१९

यस उप-महानगरपालिका क्षेत्र भित्र निजी घर, टहरा, जग्गा तथा सार्वजनिक जग्गामा व्यवसायिक प्रचार प्रसारका लागि राखिने होर्डिङ्गबोर्डहरुको स्थानीय स्वायत्त शासन ऐन, २०५५, आर्थिक प्रशासन नियमावली, २०६५ मा उल्लेखित कानुनी प्रावधान अनुसार आ.व. ०७०/०७१ देखि ०७१/०७२ आषाढ मसान्त सम्म २ (दुई) आर्थिक वर्षका लागि ठेक्काबाट उठाउने निर्णय भएको हुंदा न.पा.ले तोकेको निम्न शर्तहरुको अधिनमा रही मिति २०७०/०६/२३ गते समाचार पत्र दैनिकमा प्रथम पटक प्रकाशित सूचना बमोजिम बोलपत्र पर्न नआएकोले आर्थिक प्रशासन नियमावली दफा १६७ उपनियम ४ खण्ड ज बमोजिम तपसीलमा उल्लेखित न्यूनतम रकममा नघटाई इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, एजेन्सी, कम्पनीले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य शिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु**

१. बोलपत्र फाराम यस कार्यालयको राजश्व प्रशासन महाशाखाबाछट कार्यालय समयमा रू. १०००/- (एक हजार रुपैयां) फिर्ता नहुने गरी बुझाई खरिद गर्न सकिने छ ।

२. होर्डिङ्गबार्डेको विज्ञापन कर आ.व. ०७०/०७१ का लागि न्युनतम रू.७५,१०,०००/- (पचहत्तर लाख दश हजार) हुनेछ । आ.व. ०७१/०७२ का लागि आ.व. ०७०/०७१ को कबोल रकममा रु. ६,००,०००/- (छ लाख) थप हुनेछ ।

३. होर्डिङ्गबार्डे विज्ञापन करको दररेट सार्वजनिक जग्गाको हकमा वार्षिक प्रति वर्ग फिट रू.२००र( (दूई सय), निजी क्षेत्रको हकमा रू.६०र((साठी) , डिजिटल बोर्ड प्रति वर्ग फिट रू.१००र( (एक सय) हुनेछ ।

४. निजी, सार्वजनिक स्थानमा राखिएको होर्डिङ्गबोर्ड कर संकलन पूर्व यस उ.म.न.पाबाट अनिवार्य स्वीकृति लिएको हुनुपर्नेछ । स्वीकृति नलिएको बार्ड न.पा.ले हटाउन सक्नेछ ।

५. बोलपत्र दाताले परिचयपाटी (व्यवसाय स्थलमा राखिएको ३० वर्गफिट सम्मको बोर्ड, बिजुली पोल बोर्ड, तूल व्यानर, सडक पेटी, यस न.पा.को स्वामित्वमा भएको र सहकार्य गरिएको, छत, कौशीमा राखिएको तथा निःशुल्क स्वीकृति दिइएको होर्डिङ्गबार्डेहरुको विज्ञापन कर संकलन गर्न पाइने छैन ।

६. बोलपत्र फाराम सुचना प्रकाशित भएको मितिले १५ औं) दिन दिनको १२:०० बजे भित्र यस ल.पू.उ.म.न.पा.को कार्यालयमा दर्ता गर्नु पर्नेछ । दाखिला भएको शिलबन्दी बोलपत्रहरु सोही दिन दिनको २:०० बजे यस ल.पू.उ ( म.न.पा कार्यालयमा खोलिनेछ । बोलपत्र दर्ता तथा बोलपत्र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट कायम हूनेछ ।

७. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित ऐन नियम तथा बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

८. यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा सूचना टांस गरिएको छ ।